४.२.३

मिति

धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

आ.व. २०७७/०७८ को वार्षिक प्रगति समिक्षाको प्रतिवेदन

समिक्षा गरिएको समयः

१. २०७८/०५/०७ मा प्रशासन महाशाखा, राजश्व पर्यटन तथा सूचना महाशाखा र आर्थिक प्रशासन महाशाखाको ।

२. २०७८/०५/१० गते आर्थिक विकास महाशाखा, पशु सेवा शाखा र शिक्षा, युवा तथा खेलकुद महाशाखाको ।

३. २०७८/०५/११ गते वातावरण तथा विपद व्यवस्थापन महाशाखा, अव्यवस्थित बसोवास तथा सुकुम्वासी व्यवस्थापन समिति, भुमि व्यवस्थापन भवन नियमन महाशाखा र सामाजिक विकास महाशाखाको ।

४. २०७८/०५/१३ गते योजना तथा इन्जिनियरिङ्ग महाशाखा र स्वास्थ्य महाशाखाको ।

५. २०७८/०५/१४ गते वडा नं. १, २०, १९, ३, १८, २, १७, १५, ४ र १६ वडाहरूको ।

६. मिति २०७८/०५/२२ गते ५,६,७,८,९,१०,११,१२,१३ र १४ वडाहरूको ।

समिक्षा बैठकको उपस्थिति सम्बन्धमा :

क. मिति २०७८/०५/०७ मा नगर प्रमुख, उपप्रमुख र २० जना महाशाखा/ शाखा प्रमुख गरी जम्मा २२ जना ।

ख. मिति २०७८/०५/१० मा नगर प्रमुख, उप प्रमुख र २० जना महाशाखा/शाखा प्रमुख गरी जम्मा २२ जना।

ग. मिति २०७८/०५/११ मा उप प्रमुख र ११ जना महाशाखा/शाखा प्रमुखहरु गरी जम्मा १२ जना ।

घ. मिति २०७८/०५/१३ गते नगर प्रमुख, उपप्रमुख र १३ जना महाशाखा/शाखा प्रमुखहरु गरी जम्मा १५ जना ।

ङ. मिति २०७८/०५/१४ गते उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, ८ जना वडाध्यक्ष, २ जना कार्यपालिका सदस्य र महाशाखा प्रमुख तथा वडा सं लगायत अन्य २६ जनागरी जम्मा ३८ जना ।

च. मिति २०७८/०५/१४ गते उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष २ जना , महाशाखा प्रमुख ६ जना र वडा सचिव १३ गरी २३ जना।

आको आन्तरिक सम ०७८/२०७७.व.ीक्षा

(आर्थिक प्रशासन महाशाखा)

- बजेट समयमा बन्न नसकेको (SuTRA बाट)
- आय१ -,६३,३२,१९,२६९ १२/
- खर्च१ -,३३,४४,१९६०२/
- आय अनुमान यथार्थपरक नभएको) -बजेट घाटा(
- २०७६६३ मा ०७७/% खर्च भएकोमा यस आ७० मा.व.%भएको (१ अर्व २९ करोड,१ अर्व ३३ करोड)
- सबै भन्दा कम खर्च– ३ .वडा नं - ५९४७.%
- सबै भन्दा बढी खर्च– १७.वडा नं - ९५३६.%
- ९०% भन्दा बढी खर्च गर्ने वडाहरु५ -, १३, १७, १८ र १९

खर्चः

- जम्मा जेठसम्मको खर्च८८ -,८७,१३,४७४२८/
- असारको मात्र खर्च४४ -,५६,३०,७२१७४/
- वडाहरुमा असारको मात्र खर्च – २५१७.% (४ नं.) देखि ३४.६६ -% (१० नं.) सम्म
- असारमा मात्र ५०% भन्दा बढी खर्च गर्ने वडाहरु- २,८,१०,१२,१८ र १९

समस्याहरुः

- काम नदेखिने, फुर्सद नहुनेस्थान अभाव ,कर्मचारी अभाव ,

Audit ले देखाएका कुराहरुमा सुधार गर्नुपर्नेः

- पदाधिकारीलाई पारिश्रमिकपर्यटन र प्रज्ञा प्रतिष्ठान -
- कर्मचारीहरुको सुविधालाई कानुन बनाई व्यवस्थित गर्ने।
- समितिहरुको कार्यक्षेत्र तोकनुपर्ने।
- खेलकुद प्रशिक्षक कर्मचारीटीकाराम/ माङगलेनको पारिश्रमिक।
- करारका कर्मचारी राख्न नमिल्ने पदका कर्मचारीको नियुक्ति।
- वडाका करारका कर्मचारीहरु।
- सार्वजनिक खर्चमा मितव्यिता कायम गर्ने निर्देशिका कार्यान्वयन।

प्रशासन महाशाखाः

- पारित ऐन,नियम राजपत्रमा प्रकाशन नहुने।

गणेशप्रसाद खतिवडा
वरिष्ठ प्रशासकीय अधिकृत

लक्ष्मी प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

- लेखा सम्बन्धि तालिम भएको।

सूचना:

- लोक कल्याणकारी सूचनामा कार्यालयका आवश्यक सूचनाहरु समेत समावेश गर्ने कि?
- Software हरुको खर्च प्रयोगविहिन।
- १५ लाखको Software-२०७६०७७/
- EBPS Software
- योजना अभिलेख सम्बन्धी

राजश्व:

- वडाको लागि राजश्वको Target दिनुपर्ने??
- करको जरीवाना सम्बन्धित शीर्षकमै आम्दानी गर्ने।

<u>समिक्षाका क्रममा आएका सुझावहरु:- महाशाखागत</u>

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अन्य क्षेत्र र उपभोक्ता समितिबाट हुने काममा समेत जोड्नुपर्ने
- नगरप्रहरी व्यारेकको उचित व्यवस्थापन गर्नसपर्ने ।
- वडाहरुलाई राजश्वको टार्गेट दिनुपर्ने ।
- पत्रकार फेलोसिप कार्यक्रममा नगरपालिकाको विषयहरु समेटिनुपर्ने ।
- वजेट सिस्टमबाट नबनेकाले समस्या आएको हुँदा सिस्टमबाट वजेट बनाउँनु पर्ने ।
- पशु सेवा शाखाबाट संचालनहुने कृतिम गर्भाधान सेवालाई व्यवस्थित बनाउँनु पर्ने ।
- कृषिका कार्यक्रमहरु कार्यान्वयन कार्यविधि बनाई लागु गर्ने ।
- विद्यालय शिक्षालाई नियमन गर्ने कुनै कानून तथा कार्यविधि नभएकाले समस्या भएकोहुदा वनाउनु पर्ने ।
- वडाहरुले आ-आफ्नो वडाका विद्यालयको रेकर्ड उपलब्ध गराउँनुपर्ने ।
- विपद् व्यवस्थापनमा प्रयोग हुने उपकरणहरु बढी मात्रमा खरिद गर्नु पर्ने ।
- सरसफाईका लागी हाल निजी क्षेत्रसँगको सहकार्य प्रभावकारी नरहेको । सर्वोक्षण गलत हो कि भन्ने भएको ।
- अव्यवस्थित वसोवास तथा सुकुम्वासी व्यवस्थापन समितिको काम सुकुम्वासी समस्या आयोगसँग बाझिन गएको ।
- EPBS लागु गर्न सुरु भएको तर त्यसको निरन्तरता हुन सकेन । सुरु गर्नु पर्ने ।
- घरनक्सा पास र घरनम्बरीङ्गको दायरामा समावेस नभएका घरहरुलाई दायरामा ल्याउन योजना बनाएर लाग्नु पर्ने
- स्टील स्टक्टचरका घरहरुलाई पनि नक्सापासको दायरामा ल्याउन वडा मार्फत लाग्नुपर्ने ।
- विना इजाजत भवन निर्माण गर्ने कार्य रोक्न अनुगमन प्रभावकारी बनाउँनु पर्ने ।
- सामाजिक विकास महाशाखा अन्तर्गतका कामहरु प्राथमिकता निर्धारण गरेर संचालन गर्नुपर्ने ।
- बालमैत्री अभियानलाई पूर्णता दिन सम्बन्धित महाशाखाले कार्य योजना बनाएर लाग्नु पर्ने ।
- सबै लक्षित वर्गका कार्यक्रमलाई समान प्राथमिकता दिनुपर्ने ।
- योजना अनुगमनका लागि अनुगमन समिति सानो बनाउन आवश्यक रहेको ।
- योजना महाशाखाको केहि कर्मचारी जिम्मेवारी लिन नचाहने भएकाले सबैलाई जिम्मेवारी दिने र कामनगरेमा कार्वाहि प्रकृया अगाडि बढाउने ।

वडाहरुको:-

- वडाहरुबाट भएका विकास निर्माणका कामको प्रगति विवरणमा कति योजना सम्पन्न भए, कति कि.मि. वा मि. कालोपत्रे भयो, कति योजना न अवस्थामा छन् र कति योजना सुरु हुन सकेनन् भन्ने अलग अलग विवरण राख्नुपर्ने ।
- लक्षित वर्गका कार्यक्रमहरुमा पनि संख्यात्मक रुपमा राखिनु पर्ने ।
- वडा समितिको वैठक सम्बन्धी विवरणहरु समावेस कुनै वडाबाट पनि भएन ।
- वडामा भएका अन्य समितिहरु परिचालन सम्बन्धी विवरण समेत समावेस भएन ।
- वडाहरुको खर्च विवरण समेत सबैको प्रस्टरुपमा आएन समावेस गर्नुपर्ने ।
- कतिपय वडाहरुबाट माईक्रोससफ्ट पावर पोईन्टमा प्रगित समिक्षा तयार गरेको पाइएन । सबैले पावर पोईन्टमा तयार गर्नुपर्ने ।
- वडाहरुलाई समिक्षा विवरणको फर्मेट उपलब्ध गराउन पर्ने ।
- वडाहरु संचालन कार्यविधि बनाउनु पर्ने ।
- कृषिक्षेत्र भनी तोकिएका वडाहरुमा जग्गा विक्रि र कित्ताकाटलाई निरुत्साहित गर्न नगरपालिकाबाट ठोस नीति ल्याइनु पर्ने ।
- वडाहरुमा फोहोरमैला व्यवस्थापनको समस्या समाधान गर्न निशेध ध्यान दिनुपर्ने ।
- कुनै कुनै वडाहरुमा अझै पनि प्रशासनीक कर्मचारीको अभाव भएकाले काम गर्न समस्या भएको छ ।

समिक्षाका क्रममा देखिएका समस्याहरुः-

- वार्षिक प्रगति समिक्षालाई पदाधिकारीहरुबाट प्राथमिकता दिएको देखिएन । किनकि वडाहरुको समिक्षामा पहिलो दिन (२०७८/०५/१४ मा) जना वडाध्यक्षहरु र २ जना कार्यपालिका सदस्यहरुको यहाँ उपस्थिति रहयो । त्यस्तै दोस्रो दिन (२०७८/०५/२२ मा) जम्मा २ वडाध्यक्षहरुमात्र उपस्थिति रहेको थियो । नगर प्रमुख र उप प्रमुखको उपस्थिति रहेन ।
- वडाहरुबाट प्रवाह हुने सेवाहरुमा एकरुपता पाईएन ।
- समिक्षामा योजना तथा कार्यक्रम कार्यान्वियनमा आएका समस्याहरु समावेस भएको पाईएन ।
- योजना तथा कार्यक्रम कार्यान्वियनका क्रममा महत्वपुर्ण सिकाईहरु समावेस भएको पाईएन ।
- वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयका महाशाखाहरु विचको संचार र समन्वय समेत आवश्यकमात्रमा भएको पाईएन ।
- विशेष गरेर नगरबाट संचालन हुने योजनाहरु पनि वडामा नै संचालन हुने भएपनि वडाहरुलाई जानकारी नहुने र वडाहरुले चासो पनि नदि पाईयो ।
- लक्षित वर्गका कार्यक्रमहरु संचालनलाई व्यवस्थित गर्न नगरपालिकाबाट तालिम नम्स स्वीकृत भएको छ । तर वडा कार्यालयहरुबाट अनुसारको काम भएको देखिएन् ।
- कार्यक्रमहरु मागको आधारमा नभएर पुर्तिको आधारित भएर राखेको देखियो ।
- वडाहरुले स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्धारण गरेको वडाको काम, कर्तव्यलाई मध्यनजर गरेर वजेट बनाएको देखिएन । ऐनले दिएको जिम्मेवारी अनुसार (i) तथ्याङ्क संकलन गर्ने र रेकर्ड राख्ने (ii) सर्वेक्षेत्रको विकासको काम गर्ने (iii) नियमनको काम गर्ने ग पाइएन । सिफारिस गर्ने र सडक ढल निर्माणको मात्र काम वढी प्राथमिकताकामा गरेको पाइयो
- वडाहरुको कामकार्वाहिमा सम्बन्धित महाशाखाहरुबाट समन्वय भएको देखिएन ।
- आवश्यकता अनुसार नियम तथा कार्यविधि नभएकाले धेरै समस्या भएको देखियो ।

सुधारका लागि सुझावहरुः-

- समिक्षाका क्रममा आएका सुझावहरु कार्यान्वयन गर्न प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले बढी चासो देखाउनु पर्ने ।
- समिक्षाको विवरण तयार गर्न एकरुपता ल्याउन वडा समिति संचालन कार्यविधि वा निर्देशिका बनाउनु पर्ने ।
- समिक्षाको विवरण तयार गर्न एकरुपताका लागि फर्मेट बनाएर तयार गर्नुपर्ने ।
- समिक्षामा नगर प्रमुख, उपप्रमुख लगायत वडाध्यक्षहरुले प्राथमिकताकासाथ चासो दिनुपर्ने ।
- वजेट बनाउदा नै सिस्टमबाट बनाउनु पर्ने ।
- वडाबाट र महाशाखाबाट आएका कार्यक्रमहरु वजेट तर्जुमा समितिले विस्तृत अध्ययन गरि संशोधन गर्नुपर्ने नभएमा संशोधन गरेर कार्यपालिकामा पेश गर्ने पद्दतिको अवलम्बन गर्नुपर्ने ।
- नगरपालिकाको आम्दानी बढाउने सम्बन्धमा छुट्टै छलफल र कार्ययोजना बनाई लागु गर्नुपर्ने ।
- सबै महाशाखा र वडाहरुको समन्वयलाई बढाउनु पर्ने ।
- ६ महिने कटेपछि अर्धवार्षिक समिक्षा गर्नुपर्ने ।
- सामाजीक परिक्षणलाई निरन्तर र कम्तिमा वर्षको दुईपटक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था हुनुपर्ने ।
- पदाधिकारी साथै कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन हुनुपर्ने ।
- विभिन्न समितिहरुको परिचालन सम्बन्धी विभिन्न समितिहरुको कार्यविधि बनाई लागु गर्नुपर्ने ।
- आवश्यकता अनुसारका ऐन, नियम तथा कार्यविधिहरु बनाई काम गर्ने वातावरण सृजना गर्नुपर्ने ।
- विगतमा बनेका ऐन, नियम तथा कार्यविधिहरुको प्रभावकारी कार्यान्वयनको व्यवस्था हुनुपर्ने ।
- सामाजिक विकासका कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयन हुने व्यवस्था हुनुपर्ने ।